# प्याकेजमा समेटिँदै पोखरा–मुक्तिनाथ पर्यटकीय गन्तव्य

■ सौर्य समाचार

कास्की । नेपाल पर्यटक यातायात व्यवसायी संघ गण्डकी प्रदेशले पर्यटन यातायातका माध्यमबाट पोखरादेखि हिमालपारीको जिल्ला मुस्ताङको मुक्तिनाथसम्मका धार्मिक पर्यटकीय गन्तव्य समेट्ने भएको छ । पोखरादेखि मुस्ताङसम्मका धार्मिक पर्यटकीय गन्तव्यलाई यही १ चैतदेखि पर्यटन यातायातका माध्यमबाट समेट्न लागिएको संघका अध्यक्ष दुर्गादत्त दहालले जानकारी दिए । गण्डकी प्रदेश धार्मिक पर्यटनको गन्तव्य भएको बताउँदै उनले यहाँको धार्मिक पर्यटनको प्रवर्द्धन र विकासलाई संघले प्राथमिकतामा राखेको उनले बताए ।

पोखराबाट मुक्तिनाथसम्मका गन्तव्यलाई एउटै यात्रामा अवलोकन गर्न पाउने गरी संघले सुलभ दरमा आकर्षक प्याकेजसहित मुक्तिनाथ दर्शनको सेवा सुरु गर्न लागेको कार्यक्रम संयोजक एवं संघका निवर्तमान अध्यक्ष बाबुराम पाण्डेले



जानकारी दिए । पोखरादेखि मुक्तिनाथसम्म यात्राका क्रममा बाटोमा पर्ने धार्मिक पर्यटकीय गन्तव्यलाई एउटै प्याकेजमा समेट्न लागिएको उनले बताए । उनले भने, 'हामीले पोखरादेखि मुक्तिनाथसम्मको २ दिने प्याकेज तयार गरेका छौँ, पहिलो दिन पोखराबाट दृश्यावलोकनसहित पर्यटकहरू कुष्मा बजार, बाग्लुङ कालिका मन्दिर, गलेश्वर मन्दिर दर्शनका साथै तातोपानी, मार्फा गाउँ अवलोकन गर्दै जोमसोम पुग्नेछन् भने दोस्रो दिन जोमसोमबाट कागबेनी हुँदै मुक्तिनाथको दर्शन गरी पोखरा फर्कन्छन् ।'

प्रयोग गरिने सवारीसाधनसँगै होटलको खाना र खाजाको अवस्थाअनुसार न्यूनतम २ हजार ९९९ रुपैयाँदेखि ३ हजार ९९९, ४ हजार ९९९ र ५ हजार ९९९ रुपैयाँसम्मका प्याकेज निर्धारण गरिएको उनले जानकारी दिए । पछिल्ला समयमा देशका विभिन्न स्थानबाट आउने पर्यटकसँगै भारतीय पर्यटक र अन्य विदेशी मुलुकका पर्यटकहरू ठुलो संख्यामा मुक्तिनाथ पुग्ने गरेको संघका सल्लाहकार एवं पूर्वअध्यक्ष बोबरजंग गुरुङले बताए ।

स्वदेशी एवं विदेशी पर्यटकको सुविधालाई दृष्टिगष्त गरी उक्त क्षेत्रमा सुरु गरिएको आकर्षक प्योकजसहितको कार्यक्रमले पर्यटकलाई सुविधा पुग्ने र यसले पर्यटकको आगमन बढाउने विश्वास लिइएको उनले बताए । उनका अनुसार संघअन्तर्गत आबद्ध १२४ सदस्यहरूले विभिन्न सुविधा सम्पन्न पर्यटक सवारीसाधन सञ्चालन गर्दै आएका छन् ।

# पोखरामा विद्युतीय तार भूमिगत गर्ने आयोजनाको प्रगति न्यून

■ सौर्य समाचार

काठमाडौँ । तीनपटक ठेक्का म्याद थप्दा पनि पोखरामा विद्युतीय तार भूमिगत गर्ने आयोजनाको प्रगति न्यून देखिएको छ । हालसम्म उक्त आयोजनाको भौतिक प्रगति ६७ प्रतिशत पुगेको नेपाल विद्युत् प्राधिकरणको पोखरा-भरतपुर वितरण प्रणाली सुदृढीकरण आयोजनाले जनाएको छ । पछिल्लोपटक गत सेप्टेम्बरमा आयोजनाको ठेक्का म्याद थप गरिएको थियो । आगामी जुन ३० सम्ममा म्याद थप भए पनि उक्त अवधिमा पनि आयोजनाको काम पूरा नहुने आयोजनाका प्रमुख इन्जिनियर आनन्द सुवेदीले बताए ।

उनले भने, 'बर्सातका बेला निर्माणको काम प्रभावित हुन्छ, आगामी हिउँदसम्म आयोजनाको अवधि लम्बिने अवस्था छ, पछिल्लो समय कामको गति केही बढे पनि निर्धारित समयमा आयोजनाको काम सम्पन्न गर्न कठिन देखिएको छ ।' यसअघि आगामी चैतभित्र काम सक्ने लक्ष्य आयोजना व्यवस्थापनले लिएको थियो ।

सुरुको चरणमा निर्माण कम्पनीले काममा ढिलासुस्ती गरेका कारण पटकपटक ठेक्का म्याद थप गर्नुपर्ने अवस्था आएको आयोजनाका प्रमुख इन्जिनियर सुवेदीले बताए । २०७८ माघमा २ वर्षे ठेक्कामा गएको उक्त आयोजनाको काम भने २०८० वैशाखदेखि सुरु भएको थियो । त्यसयता ठेक्काको म्याद ३ पटकसम्म थप भइसकेको छ । भारतीय कम्पनी टाटा प्रोजेक्ट्सले पोखरा र भरतपुरमा तार बिछ्याउन २ अर्ब ५० करोड ३३ लाखमा ठेक्का लिएको थियो । पोखरामा तार भूमिगत र वितरण प्रणाली सुदृढीकरणमा १ अर्ब ३० करोड खर्च हुने जनाइएको छ ।

हाल पोखरा अन्तर्राष्ट्रिय विमानस्थल प्रवेशद्वारदेखि पृथ्वीचोकको सेती पुलसम्म तार बिछ्याएर घरघरमा विद्युत् वितरणसमेत भइसकेको इन्जिनियर सुवेदीले बताए । अहिले सिर्जनाचोकदेखि सभागृह, पृथ्वीचोक, जिरो किलोमिटर क्षेत्र र लेकसाइडको जरेबर क्षेत्रमा तार बिछ्याउने काम भइरहेको उनको भनाइ छ ।

आयोजनाअन्तर्गत पोखरा अन्तर ाष्ट्रिय विमानस्थलको प्रवेशमार्गदेखि कुँडहरचोक, अमरसिंहचोक, पृथ्वीचोक हुँदै जिरो किमीसम्मको मुख्य राजमार्ग, सिर्जनाचोक, राष्ट्रबैंकचोक, लेकसाइड, सभागृहचोक, न्युरोड, चिप्लेढुंगालगायत क्षेत्रमा तार भूमिगत गरिने भएको हो । मुख्यदेखि सहायक सडकसम्मै तार बिछ्याइने आयोजना कार्यालयले जनाएको छ । विद्युत् लाइनसँगै टेलिफोन, केबल र इन्टरनेटका तारका लागि अप्टिकल फाइबर पनि बिच्छाइनेछ ।

लेकसाइडको गल्ली नं १५, १६ र १७ लगायत क्षेत्रमा तार बिछ्याउने काम भइसकेको छ । न्यूरोड र चिप्लेढुंगा क्षेत्रमा काम सुरु हुन बाँकी रहेको आयोजनाका प्रमुख इन्जिनियर सुवेदीले बताए । आयोजनाको इन्जिनियरिङ डिजाइन र उपकरण खरिदमा समय लागेकाले काम ढिलो सुरु भए पनि पछिल्लो समय भने निर्माण कम्पनीको लापरबाहीका कारण आयोजनाको गति सुस्त हुँदै आएको हो ।

पोखरालाई विद्युतीय तारमुक्त बनाउन प्राधिकरणले वितरण प्रणाली सुदृढीकरण आयोजना सञ्चालन गरेको हो । पर्यटकीय सहर पोखराका मुख्य सहरी क्षेत्र र पर्यटकको बढी आउजाउ हुने ठाउँको तारलाई जमिनमुनि बिछ्याउन लागिएको हो । जमिनमुनि तार बिछ्याएपछि ग्राहकको घरघरमा बिजुली पुऱ्याउने काम पनि प्राधिकरण नै गरिरहेको छ । प्राधिकरणले सडकमा न्यून क्षति हुने गरी तार बिछ्याउने प्रविधि प्रयोग गर्दै आएको छ ।

'होरिजेन्टल डाइरेक्सनल ड्रिलिङ' प्रविधिबाट सडक खनेर तार भूमिगत गरिएको हो । तार भूमिगत गरेपछि ठाउँ-ठाउँमा ट्रान्सफर्मर राखेर ग्राहकका घरघरमा बिजुली पुऱ्याइने प्राधिकरणले जनाएको छ । विद्युत् लाइन जमिनमुनि बिछ्याउँदा अव्यवस्थित तार, पोलबाट पोखराले मुक्ति पाउनुका साथै सहरी सौन्दर्य बढ्ने विश्वास लिइएको छ । भूमिगत तार बढी क्षमतायुक्त र भरपर्दो हुने हुँदा ग्राहकको बढ्दो माग र बिजुलीको चाप थेग्न भूमिगत प्रणाली उपयुक्त हुने प्राधिकरणको भनाइ छ ।

---

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ

## सडक डिभिजन हेटौडा

मकवानपुर

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशन मिति २०८२/११/२८

यस डिभिजनबाट मिति २०८२/०९/३० गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका आर्थिक प्रस्ताव सम्बन्धी बोलपत्रहरु मध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मूल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको लागि आशयको सूचना सम्बन्धित सबै बलोपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | ठेक्का नं | न्यूनतम मूल्यांकित सारभुतरुपमा प्रभावग्राही देखिएको बोलपत्रदाताहरुको नाम र ठेगाना | कवोल रकम (मु.अ.क. र PS बाहेक) |
|---|---|---|---|
| 1 | RDHTD/33701108/2082/083-27 | M/s Sindhuli Builders, Kamalamai-06, Sindhuli | NRs. 3,99,44,847.20 |

डिभिजन प्रमुख

---

## Birgunj Metropolitan City

**Office of Municipal Executive**

Birgunj, Parsa

**Notice of Invitation For Bids**

Second Date of Publication: 12th March 2026

1. Birgunj Metropolitan City, Birgunj, Parsa invites electronic bids from eligible Nepalese bidders for the following items:

| S.N. | Contract ID | Name of Project | Cost Of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/ Validity Period |
|---|---|---|---|---|---|
| 1 | BMC/NCB/ GOODS/ 2082/083/07 (Re) | Supplying and delivering of Compact SUV as per attached Technical Specification | 3,000.00 | 90 days | 3,30,000.00/ 120 days |
| Deadline for Bid Submission: | | | 29th March 2026 12:00 Noon | | |
| Date, Time and Place of Bid Opening: | | | 29th March 2026 on 1:00 PM at Birgunj Metropolitan City, Birgunj, Parsa | | |
| Account Number for Bid Document Purchase: | | | Name of Bank: Nabil Bank, Birgunj<br>Name of Office: Birgunj Metropolitan City, Birgunj, Parsa<br>Office Account no.: 0506017500073 | | |

2. Eligible bidders may obtain further information and inspect the bidding document at Birgunj Metropolitan |City, Birgunj, Parsa or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. Bidders have to submit their bid electronically through e-GP system of PPMO website: www.bolpatra.gov.np/egp as specified in the Instructions to Bidders.
5. The office reserves right to accept or reject any or all bids without assigning reasons, whatsoever.

**Intention for Award of Contract**

Date of Publication: 12th March 2026

Pursuant to clause 27 (2) of Public Procurement Act 2063, this is to notify to all concerned bidders that the following substantially responsive lowest bidders have been selected to award the contract as per the Invitation for Bids published on Pratik National Daily Newspaper on 2082/09/10. Birgunj Metropolitan City intends to award the contracts to the same.

| S. N. | Contract No./ Name of Contract | Name of successful bidder | Total Bid Price including of VAT (NRs.) |
|---|---|---|---|
| 1 | BMC/NCB/GOODS/2082/083/08 (Supplying and delivering of Electric EV Van as per attached Technical Specification) | M/S Minolta Investment Pvt. Ltd., Parsa | 1,59,56,000.00 |

---

## विदुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

**बोलपत्र स्वीकृतीको आशयको सूचना**

(प्रकाशित मिति: २०८२/११/२८)

यस कार्यालयको मिति २०८२/०९/१७ मा प्रकाशित सूचना अनुसार बोलपत्र आव्हान गरिएकोमा निम्नानुसारको न्यूनतम मूल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई छनौटको लागि स्वीकृत भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) तथा सोही ऐनको दफा ४७ समेतको प्रयोजनको लागि सम्बन्धित सबैको जानकारीको लागि यो सात (७) दिने आशयको सूचना प्रकाशित गरिएको छ ।

| सि. न | ठेक्का नं. विवरण | स्वीकृतको लागि छनौट भएको वोलपत्र दाताको नाम र ठेगाना | कवोल अंक (भ्याट र पि. एस. समेत) |
|---|---|---|---|
| १ | BM/NCB/Works/BSPS/12/082/83 नुवाकोट जिल्ला विदुर ८ हात्तिगौंडा श्री भैरुम (भैरुङ्ग) माध्यामिक विद्यालय परिसरमा पूर्वाधार स्तरोन्नति कार्य विदुर, ८। | श्री शुभारम्भ निर्माण सेवा, विदुर, ११। | रु १६,९३,५९५।८७ |

प्रमुख प्रशासकीय अधिकृत

---

## फाकफोकथुम गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

आमचोक, इलाम
कोशी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

प्रकाशित मिति :-२०८२/११/२८

यस कार्यालयको मिति २०८२/१०/१५ गतेको सौर्य दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हन सम्बन्धी सूचनानुसार e-GP मार्फत रीतपुर्वक दर्ता हुन आएका बोलपत्रहरु मध्ये मूल्याङकन समितिबाट निम्न बोलपत्रदाताहरुको बोलपत्र न्युनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ (संसोधन सहित) को दफा २७ को उपदफा (२) तथा दफा ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाता र अन्य सबैमा जानकारीको लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

| S.N | Contract No. | Final Evaluated Price without VAT & PS (NRs.) | Name/ Address of Bidder |
|---|---|---|---|
| 1. | PRM/ILAM/WORKS/NBC/10/082/83 (Chharchhare Muhan Malteni, Salleri Khanepani AAyojana Wada no. 05) | 64,90,327.31 | Sigar Nirman Sewa Pvt.Ltd, Panchathar |

प्रमुख प्रशासकीय अधिकृत

---

## धनगढी उप-महानगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति: २०८२/११/२८

उपरोक्त विषयको सम्बन्धमा यस कार्यालयबाट मिति २०८२/०६/१२ गतेका दिन ठेक्का नं: 43/DSMC/2082/083 को Construction of Blacktop (Asphalt) Road from CG Chowk to Shivapuri Dham Road at Ward No. 4 and Kedar Tole Road at Ward No. 3 DSMC सम्बन्धी कार्यका लागी प्रकाशित बोलपत्र आह्वानसम्बन्धी सूचना अनुसारको म्याद भित्र PPMO को EGP Portal मा दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावहरुको मुल्यांकनमा सारभुत रुपले प्रभावग्राही भएका तपसिलका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८२/१२/०५ (19-Mar-2026) गते बिहान ११:०० बजे यस कार्यालयमा खोलिने भएकाले सार्वजनिक खरिद नियमावली २०६४ (चौधौ संशोधन समेत) को नियम ३१ज को उपनियम (५) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बन्धित सबै बोलपत्रदाताको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ |

तपसिल:

| S.N. | Bidders Name | J.V. Partner Name |
|---|---|---|
| 1 | Batu-Nagarjun J.V. Patan, Baitadi | Batu Safal Nirman Sewa Pvt. Ltd. Kathmandu, Nepal |
| | | Nagarjun Nirman Sewa Pvt. Ltd. Patan Baitadi |
| 2 | Ratala/Bedkot J.V. Dodhara, Kanchanpur | Ratala Nirman Sewa Mahakali, Kanchanpur |
| | | Bedkot Nirman Sewa Bedkot, Kanchanpur |

प्रमुख प्रशासकीय अधिकृत

---

## Urlabari Municipality

**Office of Municipal Executive**

Urlabari, Morang
Koshi Province, Nepal

**Invitation of Electronic Bids**

First Date of Publication: 2082/11/28 (12th March 2026)

1. The Urlabari Municipality office,invites electronic bids from Nepalese eligible bidders for the following works under National Competitive Bidding procedure:

Details of Works

| S. No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Bldng-Ward3-W-SQ-7-082/83 | Construction of Infrastructure in Guru Gorakshanath Premises. | 17,55,745.51 | 44,000.00/- | 1,000.00/- |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

Chief Administrative Officer